आज मिति २०७७ फागुन ३ गते, सोमबार अपरान्ह ११:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

विषयहरु :-

१. आठौं नगर सभा सम्बन्धमा ।

२. विविध ।

निर्णयहरु :-

१. भक्तपुर नगरपालिकाको **'ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७'** पारितका लागि नगर सभा समक्ष पेश गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

२. देहाय बमोजिमको **'ख्वप कलेजको विनियम-२०७७ (पहिलो संशोधन)'** पारितका लागि नगर सभा समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो :

ख्वप कलेज विनियम २०६५ मा पहिलो संशोधन गर्न वाञ्छित हुंदा भक्तपुर नगरपालिकाको आठौं नगरसभाबाट निम्न बमोजिमको संशोधन गरिएको छ ।

संशोधनको तिनमहले विवरण

| क्र.सं. | सम्वन्धितदफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम ३(२०) | "कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था गर्नेछ ।" | "कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था गर्नेछ ।कलेज साधारण सभाको सदस्य हुन नेपाली नागरिक हुनु पर्नेछ ।" | स्पष्ट गर्नु आवश्यक भएकोले |
| २ | नियम ६ | ६. देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ :<br>१. अध्यक्ष: सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष : रजनी जोशी, उप प्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य | ६. क. देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ :<br>१. अध्यक्ष: सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष : रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य<br>ख. कलेज संचालक समितिको गठन भक्तपुर नगरपालिकाले गरे अनुसार हुनेछ । संचालक समितिको पदावधि | स्पष्ट गर्नु आवश्यक भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | | पांच वर्षको हुनेछ । भक्तपुर<br><br>नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा बहालवाला संचालक समिति नै पदाधिकारी हुनेछ । | |
| ३ | | | ६६.कुनै पनि कारणले कलेज संचालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल-अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । | स्पष्ट गर्नु आवश्यक भएकोले |

३. यस नगरपालिकाको सबै वडाहरुमा घर दैलो नर्सिङ्ग सेवा संचालन गरिरहेकोमा मिति २०७७ फागुन १५ गतेदेखि सबै वडामा परिचालित नर्सहरुमार्फत आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्ने निर्णय गरियो ।

४. विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

**क. युवा तथा खेलकुद समिति**

मिति २०७७।११।२ गतेको बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म अन्तर नगर बुद्धिचाल प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।